# अय्यूबको पुस्तक

(The Book of Job )

लेखक:

**क्लिफोर्ड आर. गोल्डस्टाइन**

भावानुवादक:

भजुराम तखाछैँ श्रेष्ठ

(Translator: Bhaju Ram Takhachen Shrestha)

सेभेन्थ-डे एडभेन्टिस्ट चर्च

नेपाल

ई.सन् २०१६ (बि.सं. २०७३)

नेपाली भाषामा ईन्टरनेटमा प्रस्तुत गर्ने:
जितेन्द्र श्रेष्ठ

ईन्टरनेट वेबसाईट : **www.nepalworks.com/bhajupurna**
http://www.sabbathschoolpersonalministries.org/article.php?id=78
**प्रतिलिपि अधिकार © जनरल कनफरेन्स अभ सेभेन्थ डे एडभेन्टिस्ट चर्च, शवाथ स्कुल विभाग**

प्रथम संस्करण : २०७३ (ई.सं. २०१६)

सम्पादन सहयोगी - अमर पोते

कम्प्युटर लेआउट तथा आवरण चित्र
**सुजीत कुमार साह**

**प्रकाशक:**
उमेश कुमार पोखरेल,
सम्पर्क: ०१-६६३७१८१,
ईमेल ठेगाना umesh.shantipokharel@gmail.com

सम्पर्क:-
भजुराम श्रेष्ठ, ☎ ९८१३१५४४३२ **bhajupurna@gmail.com**
आन्तरीक प्रयोगको निम्ति मात्र

यस अध्ययन पुस्तकमा तोकिएका बाइबलका केहि अशहरू बाहेक बाइबलका अरू सम्पूर्ण अशहरू नेपाली बाइबल सोसाइटीले छापेको **copyright @1997, 2006, 2009, 2011** पवित्र बाइबलबाट नेपाली बाइबल सोसाइटीको अनुमतीले उदृध गरिएका छन्। उक्त संस्थाको अनुमतीले नै पवित्र बाइबल (सरल नेपाली)बाट पनि अंशहरू उदृध गरिएका छन्।

# भूमिका

## अनन्तसम्म जारी रहने प्रश्न

परमेश्वरमा विश्वास गर्नुपर्ने धेरै असल कारणहरू इसाईहरूमा छ। तर ती कारणहरू संसारका मानवजातिमा प्रचलित गलत विश्वासहरूभन्दा फरक छन्। अनौठो, सुन्दर र जीवनको जटिल प्रश्नहरूको जवाफ विकासबाद सिद्धान्तले व्याख्या गर्न सक्छ भनेर संसारले मानेका कतिपय तिक्ष्ण अर्थात् चलाक चिन्तकहरूले व्याख्या गर्दछन् (बिकासवाद सिद्धान्तले यस संसार कुनै परमेश्वरको सृष्टि होइन। मानव जीवन सुक्ष्म जीवबाट बिकसित हुँदै वर्तमान मानिसमा बिकसित भयो भनेर सिकाउँदछ)। तर बिकासबाद सिद्धान्तले सिकाएका अनुमानित शिक्षाहरू संसारका धेरै मानिसहरूले मानेका छैनन्। "शुन्य वा केही नभएको थोकबाट" जगतको अस्तित्व कसरी हुन आयो भनेर धेरै वैज्ञानिकहरूले आआफ्नै तरिकाले व्याख्या गर्दछन्। "शुन्य वा अस्तित्व नभएको थोकबाट" यो संसार आयो भन्दा सृष्टिकर्ता परमेश्वरले सृष्टि गर्नुभएको थियो भनेर कतिपयले ठिकै सोच भनेर स्वीकार गरेको पनि पाइन्छ।

परमेश्वरले नै संसारलाई सृष्टि गर्नुभयो भन्ने विश्वास अपनाउन हामीसँग ठोस असल कारणहरू छन्। तर यस संसारलाई क्षतिबिक्षत पार्ने तत्व पाप वा खराब भन्ने कसरी आयो भन्ने प्रश्नमा जटिल समस्या अझै पनि भएको पाइन्छ। त्यसले गर्दा हामीले अनन्तसम्म सोधिरहने यो प्रश्न कायम भइरहने छः यदि परमेश्वर अत्यन्त असल हुनुहुन्छ, अत्यन्त प्रेमिलो र सबैको हितैषी हुनुहुन्छ र अत्यन्त शक्तिशाली हुनुहुन्छ भने यस संसारमा किन मानिसहरू धेरै दुःख, कष्ट र पिडा भोगिरहेका छन्?

अय्यूबको पुस्तकले अनन्तसम्म सोधिरहने प्रश्नको मामिलामा चर्चा गर्दछ। यो पनि रोचक छ कि अय्यूको पुस्तक मोशाले उत्पत्तिको पुस्तकभन्दा पहिला लेखेको भनेर बाइबल विद्धानहरूको धारणा छ। अर्थात् बाइबलका पुस्तकहरू लेखनमा यो पनि प्रथम् पुस्तक हो। त्यसको अर्थ मानिसहरूलाई पिरोल्ने अत्यन्त जटिल प्रश्नलाई परमेश्वरले सुरूमै केही हदसम्म जवाफ दिनुभएको थियो।

हो, केही जवाफहरूमात्र तर सबैचाहीं होइन। बाइबलको कुनै एउटै पुस्तकले त्यस प्रश्नको सम्पूर्ण जवाफ दिन सकेको छैन। यथार्थमा भन्ने हो भने सम्पूर्ण बाइबलले पनि मानिस किन दुःख पाउँछन् भन्ने प्रश्नको जवाफ

दिन खोजेको पाइन्दैन। यद्यपि अय्यूबको पुस्तकले पर्दा खोलेर त्यो भित्रि दृष्य पाठकवर्गहरूलाई देखाउन खोजेको पाइन्छ, त्यो हो हामीहरूको मानव इन्द्रिय भन्दा अपार स्थानमा जीवित परमेश्वर रहनुभएको छ। अय्यूबको पुस्तकले बाइबलका बाँकि पुस्तकहरूले जे सन्देश देखाउन चाहिरहेका थिए त्यो देखाएको पाउँछौं। कतिपय कुराहरू विज्ञानले व्याख्या गर्न सक्छ भने कतिपय कुराहरू व्याख्या गर्न सक्दैन भन्दैमा ती कुराहरूको अस्तित्व छैन भन्न मिल्दैन भनेर अय्यूबको पुस्तकले देखाउन खोजेको पाइन्छ। साथै विज्ञानले व्याख्या गर्न नसकेतापनि कतिपय अदृष्य तत्वहरू एक आपसमा जोडिएका हुन्छन्। येशूलाई आत्मसात् गर्ने प्रत्येक भक्तको निम्ति अय्यूबको पुस्तकमा एक महत्त्वपूर्ण नितिलाई ज्वलन्त रूपमा प्रस्तुत प्रस्तुत गरिएको छ जुन् निति मार्फत हजारौं वर्षपछि प्रेरित पावलले येशूभक्तहरूलाई सचेत गराएका थिएः "हामीहरूको युद्ध वा संघर्ष भनेको मानव प्राणीहरू अर्थात् शरीर र रगतले बनेका मानिसहरूसँग होइन तर यस अन्धकार संसारका शासकहरूका बिरुद्ध, शैतानका मतियार अधिकारीहरूको विरुद्ध, अदृष्य शक्तिहरूको विरुद्ध र शैतानको आफ्नै स्वर्गीय राज्यमा भएका दुष्ट आत्मिक सेनाहरूको विरुद्धमा हो" (एफिसी ६:१२ रूपान्तरित)।

अय्यूबको पुस्तकको बिषयवस्तु प्रायजसो यसको मूल पात्र एकल अय्युबको बारेमा हो। तर त्यो कथा हामीहरू सबैको पनि हो, किनभने हामीहरूको दिमागले किन भनेर ठम्याउन नसकेतापनि हामीहरू सबै कुनै न कुनै रूपमा दुःख पाइरहेका हुन्छौं। अय्यूबलाई सान्त्वना दिन आउन चारजना मित्रहरूले पनि हामीहरूको अवस्थालाई प्रतिविम्ब गरेको पाइन्छ। मानिसहरू किन दुःख पाउछन् भने हामी मध्ये कसले त्यसको व्याख्या गर्न खोजेको हुँदैन र? तर एकले अर्को मानिसको दुःखलाई मात्र बुझ्न यस पुस्तकमा हेर्दा हामीहरूले एक महत्त्वपूर्ण शिक्षालाई बुझ्नबाट चुक्न सक्छौं। यस अय्यूबको पुस्तकको पृष्ठभूमिमा येशू र शैतानको बीचमा भइरहेको ठूलो लडाईंलाई छर्लङ्ग देखाउँछ। यस संसारमा जन्मेका प्रत्येक मानवप्राणीलाई आफ्नो पक्षमा लिन महान् युद्ध यथार्थ हो र कसरी चर्किरहेको छ भनेर यस पुस्तकले स्पष्ट रूपमा उदाङ्ग पारेको छ। यो युद्ध कुनै मनगढन्ते, काल्पनिक वा पौराणिक नभएर प्रत्येक मानिसको दैनिक जीवनमा यथार्थरूपमा चलिरहेको युद्ध हो। यो युद्ध साँच्चिकै भनौं भने परमेश्वरको राज्य स्वर्गमै सुरूभएको थियो भने वर्तमान

परिप्रेक्ष्यमा प्रत्येक मानिसको हृदयमा, दिमागमा र शरीरमा चर्किरहेको युद्ध हो।

यस अध्ययन पुस्तिकाको मूल विषयबस्तु अय्यूबको कथा हो। नजिक र टाढाबाट उनको दुःखलाई नियालेर हेर्दछ। यो पुस्तक कसरी अन्त्य भएको छ भनेर हामीलाई थाहा छ। अनि त्यस कथाको पर्दा पछाडिको ठूलो पृष्ठभूमि के हो भनेर हामीलाई थाहा छ। अय्यूबको पुस्तक र सारा बाइबलको ज्ञान हामीले पाउन सक्ने भएकोले हामी पाठक वर्गहरू भाग्यमानी सम्झिनुपर्छ। बाइबल धर्मशास्त्रको आत्मज्ञानलाई सकेसम्म देहायका दुई प्रश्नहरूको जवाफ दिन प्रयोग गर्दछौंः दुष्टता नै दुष्टताले भरिएको यस संसारमा हामी किन छौं? अनि हामीहरूको निर्णय बिना जन्मिएको यस दुष्ट संसारमा कसरी अर्थमूलक जीवन यापन गर्ने?

हुनतः अय्यूबको पुस्तक वा बाइबलको सबै पुस्तकहरू पढे पनि अनन्तसम्म चलिरहने हामी किन दुःख पाउँछौं भन्ने प्रश्नको जवाफ ठोकुवा गरेर पाइन्छ भन्ने ग्यारेन्टि त छैन। तर त्यस अनन्त प्रश्नको जवाफ प्रभु येशू ख्रीष्टमा छ भन्ने कुरामाचाहीँ हामी ढुक्क हुनसक्छौं। येशू ख्रीष्टमा "उहाँको रगतले हामीमा मुक्ति छ" एफिसी १:७ रूपान्तरित)। सबै प्रश्नका जवाफहरू उहाँबाट नै आउँछन्।

*क्लीफोर्ड आर, गोल्डस्टाइन् प्रौढ सब्बथ स्कुल अध्ययन मिमांसाको सम्पादक हुनुहुन्छ। उहाँ सेभेन्थ-डे एडभेन्टिस्ट चर्चको मूख्यालय जनरल कन्फरेन्समा सन् १९८४देखि काम गरिरहनुभएको छ।*

# विषयसूची


| अध्याय | | पृष्ठ |
|---|---|---|
| १. | अन्तः | १ |
| २. | परमेश्वर र शैतानबीच संग्राम | १५ |
| ३. | के अय्यूबले परमेश्वरको सेवा गर्छ | २८ |
| ४. | परमेश्वर र मानवी पिडा | ४४ |
| ५. | म जन्मेको दिन धिक्कार होस् | ५७ |
| ६. | म जन्मेको दिन... | ७० |
| ७. | पापले गर्दा पाएको सजाय | ८४ |
| ८. | निर्दोषको रगत | १०१ |
| ९. | आशाको किरण | ११५ |
| १०. | एलीहूको क्रोध | १२९ |
| ११. | भूमरीबाट आवाज | १४४ |
| १२. | अय्यूबका उध्दारकर्ता | १६१ |
| १३. | अय्यूबको चरित्र | १७४ |
| १४. | अय्यूबबाट सिक्नुपर्ने पाठ | १८८ |

## अस्थाई पाना

<u>सुझाव:</u> त्रैमासिक अध्ययन पुस १५ २०७३ (डिसेम्बर ३०, २०१६)पछि आफ्नो इच्छा अनुसार यो पाना च्याती दिनुहोला। प्रत्येक अध्याय शनिवार बेलुकादेखी शुक्रबार बेलुकासम्मको अध्ययन तीथि तोकिएको छ। तद्अनुसार जब यो अध्ययन चर्चमा सिकाउनु पर्दा प्रत्येक शुक्रबार सम्म अध्ययन गरेको अध्याय शनिबार बिहान अर्थात शबाथमा सिकाउनु होला। याद गर्नुहोस्, यस अध्ययन पुस्तिकालाई बाइबलको हस्तपुस्तिकाको रूपमा उपयोग गर्नु हुन सुझाव गरिन्छ। अरूलाई बाइबल सम्वन्धी शिक्षा दिनु यो अत्यन्त उपयोगी श्रोत हो।

| | | |
|---|---|---|
| १ | अध्याय १ | असोज ८-१४(सेप्टेम्बर २४-३०) |
| २ | अध्याय २ | असोज १५-२१ (अक्टोबर १-७) |
| ३ | अध्याय ३ | असोज २२-२८(अक्टोबर ८-१४) |
| ४ | अध्याय ४ | असोज २९-कार्तिक ५(अक्टोबर १५-२१) |
| ५ | अध्याय ५ | कार्तिक ६-१२ (अक्टोबर २२-२८) |
| ६ | अध्याय ६ | कार्तिक १३-१९(अक्टोबर २९-नोभेम्बर ४) |
| ७ | अध्याय ७ | कार्तिक २०-२६ (नोभेम्बर ५-११) |
| ८ | अध्याय ८ | कार्तिक २७-मङ्सिर ३ (नोभेम्बर १२-१८) |
| ९ | अध्याय ९ | मङ्सिर ४-१० (नोभेम्बर १९-२५) |
| १० | अध्याय १० | मङ्सिर ११-१७ (नोभेम्बर२६-डिसेम्बर २) |
| ११ | अध्याय ११ | मङ्सिर १८-२४ (डिसेम्बर ३-९) |
| १२ | अध्याय १२ | मङ्सिर २५-पुस १ (डिसेम्बर १०-१६) |
| १३ | अध्याय १३ | पुस २-८ (डिसेम्बर १७-२३) |
| १४ | अध्याय १४ | पुस ९-१५ (डिसेम्बर २४-३०) |

प्रभुमा जबर हुन बाइबल पढ्न अनिवार्य भएकोले, येशुभक्तले त्यसमा वचनबद्धता जनाउन हरेक दिन पढेको छु भनेर टिक (√) चिन्ह लगाउनु होला।

| अध्याय / बार | शबाथ | आइतबार | सोमबार | मंगलबार | बुधबार | बिहिबार | शुक्रबार |
|---|---|---|---|---|---|---|---|
| १ असोज ८-१४(सेप्टेम्बर २४-३०) | | | | | | | |
| २ असोज १५-२१ (अक्टोबर १-७) | | | | | | | |
| ३ असोज २२-२८(अक्टोबर ८-१४) | | | | | | | |
| ४ असोज २९-कार्तिक ५(अक्टोबर १५-२१) | | | | | | | |
| ५ कार्तिक ६-१२ (अक्टोबर २२-२८) | | | | | | | |
| ६ कार्तिक १३-१९(अक्टोबर २९-नोभेम्बर ४) | | | | | | | |
| ७ कार्तिक २०-२६ (नोभेम्बर ५-११) | | | | | | | |
| ८ कार्तिक २७-मङ्सिर ३ (नोभेम्बर १२-१८) | | | | | | | |
| ९ मङ्सिर ४-१० (नोभेम्बर १९-२५) | | | | | | | |
| १० मङ्सिर ११-१७ (नोभेम्बर२६-डिसेम्बर २) | | | | | | | |
| ११ मङ्सिर १८-२४ (डिसेम्बर ३-९) | | | | | | | |
| १२ मङ्सिर २५-पुस १ (डिसेम्बर १०-१६) | | | | | | | |
| १३ पुस २-८ (डिसेम्बर १७-२३) | | | | | | | |
| १४ पुस ९-१५ (डिसेम्बर २४-३०) | | | | | | | |